# तीन वर्षीय अन्तरिम योजनाको विश्लेषण



अच्युतप्रसाद पौडेल 'चिन्तन'*

## सारांश

एक दशकभन्दा लामो आन्तरिक द्वन्द्व र झन्डै बाह्रहजार मानिसको क्षतिपछि मुलुकमा शान्ति स्थापनाको सङ्केत देखिन आरम्भ हुँदा अन्तरिम त्रिवर्षीय योजना आम नेपालीको घरआँगनबाट बिदा हुने क्रममा छ । माओवादीद्वारा आह्वान भएको त्यस कालखण्डमा मुलुककै सर्वाधिक जनधनमा क्षति पुगेको र त्यसको प्रत्यक्ष प्रभाव सार्वजनिक सेवा, प्रहरी, सेना, गा.वि.स. भवनदेखि सूचना एवं सञ्चारलगायत सार्वजनिक पूर्वाधारहरूमा बढी परेको थियो । द्वन्द्वबाट प्रभावित नेपालीहरू धेरै घरवारविहीन बन्न पुगेका । तीमध्ये केहीले कष्टकर जीवन व्यतीत गरे भने केही विदेश पलायन भए र कोही सहरमुखी भए । सहर केन्द्रित जनचासोका कारण सरकारी सेवा त्यसको प्रभावबाट अलग रहन सकेन । फलस्वरूप सरकारी सेवाप्रवाहमा शिथिलता देखियो । पुनःनिर्माण र पुनःस्थापनाको जमर्को गर्दै नवीन उत्साह र ऊर्जाका साथ देखा परेको त्रिवर्षीय योजनाकालमा पनि नेपाली आकाशमा राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा थुप्रै निराशाका बादलहरू यत्रतत्र देखिए ।

निरङ्कुश राणा शासन ढलेको समय २००७ सालदेखि नै नेपालको शासन प्रणालीले लोकतान्त्रिक स्वरूपलाई आत्मसात गर्ने पहल गरेको हो । प्रशासनिक क्षमताको वृद्धि गर्न बुच कमिसनदेखि पछिल्ला प्रशासनिक पुनःसंरचना आयोगका उद्देश्यहरू हेर्दा मुलुकले गरेका प्रयत्नलाई कम आँकलन गर्न मिल्दैन तर विगतदेखि वर्तमान समयसम्म आइपुग्दा मुलुकले धेरै उकालीओरालीहरू भोग्दै आएको स्पष्ट छ । लामो समयदेखि स्थापित खर्चिलो राजसंस्थाको विधिवत बिदाइ अन्तरिम त्रिवर्षीय योजना अवधिमै भयो भने राजनीतिक दलहरूबीच भएका बुँदागत सहमति, सम्झौताहरू अक्षरशः कार्यान्वयन हुन नसकेको र बहुचर्चित जनआकाङ्क्षाअनुरूपको संविधानको खाका तयार पार्न निर्वाचित संविधान सभाको २ वर्षे कार्यकालमा संविधानका मूल मुद्दाहरूमा सामान्जस्यता आउन नसक्ता गत जेठ १४ गतेदेखि फेरि १ वर्षे कार्यकाल थपिएको पृष्ठभूमिसमेत हाम्रै सामु छ । प्रस्तुत सेरोफेरोमा अन्तरिम त्रिवर्षीय योजनाका विषय र पक्षका मूल मुद्दामा केन्द्रित रहने गरी समसामयिक चर्चा गर्नु यस लेखको उद्देश्य हो ।

## क) पृष्ठभूमि

### दशौँ पञ्चवर्षीय योजना

८ देखि १० जिल्ला सदरमुकाममा मोटरबाटो पुऱ्याउने, गरिबीको रेखामुनिको जनसङ्ख्या ३० प्रतिशतमा झार्ने, सामान्य अवस्था रहिरहेमा मुलुकको आर्थिक वृद्धि दर ६.२ प्रतिशतमा पुऱ्याई गरिबी न्यूनीकरणलाई नै मूल प्राथमिकता दिई २०५९ सालदेखि आरम्भ भएको दशौँ पञ्चवर्षीय योजनाले २०६४ आषाढदेखि बिदा लिएको थियो । यस योजनाकालमा मुलुकमा आमूल परिवर्तनको सङ्केतहरू देखिएका थिए भने धनी

* उपसचिव, गोश्वारा हुलाक कार्यालय

र गरिबका बीचको खाडल पनि डरलाग्दा रूपमा देखा परेको थियो । यसै बेला जनआन्दोलन दुईका नाममा मुलुकका ठूला राजनीतिक दल एवं नेकपा माओवादी संयुक्त रूपमा सडकमा उत्रिए । १९ दिनसम्म भएको आन्दोलन संसदको पुनःस्थापनाको घोषणापछि टुङ्गिएको थियो । संविधान सभाको चुनाव, अन्तरिम संविधान जस्ता विशेष राजनीतिक मुद्दाले नै बढी प्रश्रय पाएको यस योजना अवधिको प्रगति गरिबीको रेखामुनिको जनसङ्ख्या ३१ प्रतिशतमा झरेको र ७ जिल्ला सदरमुकाममा मोटरबाटो पुगे पनि आर्थिक वृद्धिदर केवल ३.४ प्रतिशतमा सीमित बन्न पुग्यो ।

## अन्तरिम योजना (वि.सं. २०६४-२०६७)

हालै बिदा हुन लागेको तीनवर्षे अन्तरिम योजना हाल मुलुकमा सञ्चालनमा छ । यो विशेष परिस्थितिमा लागू भएको एउटा दस्तावेज हो । मुलुकमा आरम्भ भएको ११ वर्षअघिको सशस्त्र द्वन्द्वले विश्राम पाएको र जनआन्दोलन दुईले अभुतपूर्व सफलता हासिल गरेको समयपछिको प्रतिबद्धता पनि हो यो । मुलुकमा आवधिक योजनाहरू १० ओटा पूरा भइसक्दा पनि गरिबीको रेखामुनिको जनसङ्ख्या ३१ प्रतिशतमै रहेको, अधिराज्यका जिल्ला सदरमुकामहरूमध्ये १२ ओटा जिल्ला सदरमुकाममा मोटरबाटो पुग्न नसकेको, अपेक्षाकृत आर्थिक वृद्धिदर हासिल हुन नसकेको, धनी र गरिबबीचको दूरी घट्न नसकेको पृष्ठभूमिमा आएको यस अन्तरिम योजनाले पुनःनिर्माण, पुनर्स्थापना, पुनःएकीकरणको प्रयासलाई जोड दिँदै भौतिक पूर्वाधारमा बढी ध्यान दिने, बाराको निजगढमा थप अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण गर्ने, पोखरा एवं लुम्बिनीमा दुई क्षेत्रीय विमानस्थल मैदान निर्माण गर्ने, जिल्ला सदरमुकाममा जोड्न बाँकी १२ ओटा सदरमुकाममा मोटरबाटो जोड्ने, रोजगारी वृद्धिदर ३.५ प्रतिशतमा पुऱ्याउने, समष्टिगत आर्थिक वृद्धिदर ५.५ प्रतिशत पुऱ्याई गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको प्रतिशत २४ मा झार्नेसमेतको लक्ष्य लिएको थियो ।

यसले पुनःनिर्माण तथा पुनःस्थापनामा सामाजिक समावेशीकरणमा बढी जोड दिएको देखिन्छ । कृषि तथा पर्यटन उद्योगमा जोड दिँदै तिनको पूर्वाधार विकासका लागि सडक, सिँचाई, सञ्चारक्षेत्रमा जोड दिएको पनि देखिन्छ । यस्ता पूर्वाधारमा लगानी वृद्धि गर्दै मानव संसाधनका लागि शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइका क्षेत्रमा लगानी बढाउने विषय मुख्य प्राथमिकताका क्षेत्रहरू हुन् । समग्रमा भन्नुपर्दा योजना सुरु हुँदा रहेको निरपेक्ष गरिबीको सङ्ख्या ३१ प्रतिशतबाट २४ प्रतिशतमा झार्ने लक्ष्यसहित गरिबी न्यूनीकरणका अभियान सञ्चालन गर्ने नीति यस योजनाको रहेको देखिन्छ ।

साबिकको भन्दा सहभागितात्मक देखिएको यस योजनाले मुख्य निम्नलिखित रणनीति लिएको देखिन्छ :

१. राहत, पुनःनिर्माण र पुनःएकीकरणमा जोड,
२. रोजगारमूलक, गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धि,
३. सुशासन तथा सेवाप्रवाहमा प्रभाकारिता,
४. भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि,
५. सामाजिक विकासमा जोड र
६. समावेशी विकाससहित लक्षित कार्यक्रम सञ्चालन ।

चालु त्रिवर्षीय यस योजनाले लिएको लक्ष्य ५.५ प्रतिशतको आर्थिक वृद्धिदर हो । यसै लक्ष्य पूर्ति हेतु गत आ.व.मा लक्ष्य लिइएको ७.० प्रतिशत आर्थिक वृद्धिदर हासिल नभएकाले समष्टिमा यस त्रिवर्षीय योजनाले लिएको लक्ष्य पूर्ति नहुने आशङ्काहरू देखिए । उत्पादन, रोजगारी जीवनयापनको सामान्य आधार र अर्थतन्त्रको प्रमुख क्षेत्र कृषि नै हो अनि कृषिको मूल आधार सिँचाई नै हो । हामीले आधा शताब्दीदेखि कृषि, सिँचाईमा जोड दिँदै आए पनि यसमा सन्तोष लिने ठाउँ नहुनाले त्रिवर्षीय योजनाको मूल ध्येय हात नलाग्ने थप सङ्केतहरू पनि देखिन थाले ।

त्रिवर्षीय अन्तरिम योजनाको खाका अध्ययन गर्दा ऐतिहासिक जनआन्दोलनको सफलता, प्रतिनिधिसभा पुनःस्थापनाको घोषणादेखि प्रमुख राजनीतिक दल एवं एनेकपा माओवादीबीच सम्पन्न बृहत् शान्ति सम्झौता,

अन्तरिम संविधान एवं सरकारको न्यूनतम साझा कार्यक्रमपछिको राज्य व्यवस्था एवं पुनःसंरचनाको गति र राज्यको संरचनाभित्र अटाउनुपर्ने महिला सहभागिता, आदिवासी, जनजातिदेखि दलित, मधेसी, मजदुर, अपाङ्गसम्म र पिछडिएका अन्य वर्गदेखि थुप्रै अन्य विषयसमेतलाई मध्यनजर गर्नुपर्ने अवस्था थियो । यी पृष्ठभूमिमा रहेर विश्वव्यापी बन्दै आएको नवीन सार्वजनिक व्यवस्थापनका आादर्श, त्यसका मूल्य र मान्यता अनि हाम्रै परिवेशमा रहेको शासन प्रणालीको आधारस्तम्भका रूपमा रहेको सार्वजनिक प्रशासन अनि त्यसैभित्र रहेको जनमुखी एवं समावेशी प्रशासनको अवधारणासमेतलाई दृष्टिगत गर्नुपर्ने यस योजनाको जिम्मेवार पक्ष पनि रहेको थियो । विद्यमान मुलुकको द्वन्द्व रूपान्तरित भएको तर तत्कालीन जनादेशको निर्वाचित स्थानीय जनप्रतिनिधि नभएको परिवेशमा विकेन्द्रीकरणका मूलभूत सिद्धान्त र निक्षेपण अधुरो रहेको अवस्था पनि त्यसबेलादेखि हालसम्म विद्यमान छ । विश्वपरिवेशमा बहुचर्चित सङ्घीय लोकतान्त्रिक प्रणालीसमेत अपनाएको हाम्रो मुलुकले भोलिका दिनमा आउन सक्ने सम्भावित दूरगामी असरहरूलाई समेत अध्ययन गर्नुपर्ने आजको मूलभूत मुद्दा पनि रहेकै छ । नेपाल अन्तर्राष्ट्रिय समुदायमा प्रतिष्ठित सदस्यका रूपमा स्थापित हुने प्रस्तुत योजनाको लक्ष्य भएकै बखत विश्वकै अल्पविकसित राष्ट्रहरूको अध्यक्षता ग्रहण गर्ने जिम्मेवारी थप भएको परिवेशले पनि आफ्नै पृष्ठभूमि बोकेको छ ।

## ख) तीन वर्षीय अन्तरिम योजनाको विश्लेषण

०६७ असारदेखि बिदाइको क्रममा रहेको अन्तरिम त्रिवर्षीय योजना विगत योजनाहरूको इतिहासमा एघारौं हो र यसले अँगालेका उद्देश्य, रणनीति र अवधारणा निम्नअनुसार रहेको पाइन्छ :

**लक्ष्य** - न्यायपूर्ण, आधुनिक अनि समृद्ध नयाँ नेपाल निर्माणका लागि आर्थिक एवं सामाजिक रूपान्तरणको आधारशीला तय गर्नु यस योजनाको लक्ष्य रहेको देखिन्छ ।

**उद्देश्य** - मुलुकमा रहेको गरिबी र असमानतालाई कम गरी मुलुकभर दिगो शान्ति स्थापना गर्ने र आमजनताको जीवनशैलीमा परिवर्तन ल्याउने र मूल रूपमा सुरुदेखि कायम रहेको बेरोजगारीलाई न्यून गर्ने यस योजनाको उद्देश्य रहेको देखिन्छ ।

## ग) लामो सोच

आर्थिक रूपले आत्मनिर्भर हुँदै निरपेक्ष गरिबीको अवस्थाबाट नेपालीहरूलाई मुक्त पार्ने यस योजनाको दूरगामी सोच देखिन्छ। धनी र गरिबबीचको दरार कम गर्ने, व्यक्ति समूह एवं राज्यबीचको सम्बन्ध र व्यवहारको सुधार गर्ने, सबै नेपालीले आआफनो क्षमता र अवसरको सदुपयोग गर्न पाउने वातावरण तय गर्ने, आधुनिक सोच, नवीनतम व्यवस्थापन शैलीअनुसार समृद्ध र शिष्ट व्यवहारमा जोड दिने कानुनी, भाषिक, धार्मिक, आर्थिक, जातीय, लैङ्गिक, भौगोलिक आदि सबै विभेदको अन्त्य गर्ने, मानव अवधारणाको वातावरण तय गर्ने जस्ता मूलभूत दीर्घकालीन अवधारणासहित यस त्रिवर्षीय योजनाले आफ्नो गति लिने प्रयास गरेको देखिन्छ।

## घ) यस योजनाका रणनीतिहरू सार सङ्क्षेप

### क) गरिबोन्मुख, स्वरोजगारमूलक र फराकिलो आर्थिक वृद्धि

गरिब, विपन्न वर्गको हितहेतु कामदार र श्रमिक हकको उत्पादकत्व अभिवृद्धि गर्ने, औपचारिक एवं अनौपचारिक दुवै शिक्षामा जोड दिई रोजगारमूलक शैक्षिक वातावरण तय गर्ने, महिला, दलित, आदिवासी जनजाति, युवा तथा मधेसी समुदायलाई बढी रोजगारको वातावरण तय गर्ने, निजी एवं सहकारी क्षेत्रको आर्थिक वातावरण तय गर्ने, गरिब एवं निमुखा जनतालाई समेत प्रत्यक्ष सहभागी बनाई उनीहरूको आयआर्जन गराउने, उत्पादन तथा सेवा क्षेत्रका संस्थाहरूद्वारा स्वरोजगारका क्रियाकलापहरू बढाउने जस्ता गरिबोन्मुख रणनीतिहरू यस योजनाले अङ्गीकार गरेको देखिन्छ । निजी एवं सरकारी क्षेत्रको सहकार्यका अवधारणालाई प्राथमिकता दिई समग्र अर्थतन्त्रमा सुधार ल्याउने र संस्थागत गैरसरकारी संस्थालाई पनि सामाजिक आर्थिक क्षेत्रमा परिलक्षित हुने वातावरण तय गर्नेसमेत यस योजनाको रणनीति देखिन्छ ।

**ख) समावेशी/सामाजिक विकास तथा लक्षित कार्यक्रम**

मुलुकमा विद्यमान सामाजिक विभेदको अन्त्य गर्ने रणनीति यस अन्तरिम योजनाको रहेको पाइन्छ। राज्य व्यवस्थामा साबिकमा रहेका संरचनाहरूमा परिवर्तन गर्ने । विकट र भौगोलिक दूरीमा रहेका सबै नेपालीलाई राज्यको मूल प्रवाहमा समावेश गराउने, समावेशी विकास प्रक्रिया सञ्चालन गरी भौगोलिक, आर्थिक, सामाजिक ऐक्यबद्धतामा जोड दिने, बहुल संस्कृतिको प्रवर्द्धनमा जोड दिई समष्टिगत राजनीतिक निकासको मूलधारमा सबै व्यक्ति, समूहलाई समावेश गर्ने योजनाको अभिप्राय रहेको देखिन्छ। मानव संसाधन विकासका मुख्य आधारहरू- शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी र विकासका आधारशीलाहरू- विद्युत्, सूचना र सञ्चार, औद्योगिक वातावरण, सडक, यातायातमा जोड दिने पनि यस योजनाले लिएका रणनीतिहरू हुन् ।

कर्णाली क्षेत्रको विकासमा विशेष ध्यान दिने, अन्य क्षेत्रमा रहेका महिला, जनजाति, आदिवासी, पिछडावर्ग, मधेसी, अपाङ्गदेखि विपन्न वर्गसम्मका सबैले सोझै अनुभूति गर्न सक्ने गरी लक्षित कार्यक्रम सञ्चालन गर्ने, शिक्षा, स्वास्थ्यदेखि खाद्य सुरक्षाका विषयहरूमा समेत सरकारले विशेष ध्यान दिने र द्वन्द्व प्रभावित व्यक्ति र क्षेत्रमा राहतदेखि पुनःस्थापनाका विषयसमेतमा राज्यको चासो बढी हुने गरी कार्यक्रमहरू सञ्चालन गर्ने यस योजनाको रणनीति देखिन्छ ।

**ग) पूर्वाधार विकासमा लगानी, सुशासन र सेवाप्रवाहमा सुधार**

त्रिवर्षीय अन्तरिम योजनाले लिएको अर्को मूलभूत रणनीति भनेको विकासमा लगानी र भौतिक पूर्वाधार, सुशासन र सेवाप्रवाहमा सुधार हो । लामो समय मुलुकमा सशस्त्र द्वन्द्व हुँदा अत्यधिक सार्वजनिक सम्पत्तिमा क्षति पुग्यो । विकास निर्माणका आधार तय गरी तिनमा लगानी बिस्तार गर्नुपर्ने विषय यस योजनाका प्रमुख रणनीति बन्न पुगे । ठूला आयोजनाहरूको निर्माणको अवधारणा कायमै गरी मझौला र साना आयोजनाहरू सञ्चालन गर्दै जनसहभागिताका विषयहरू अवलम्बन गर्नुपर्ने भयो । बाँकी जिल्लाको सदरमुकाम जोड्ने सडकदेखि उत्तर दक्षिण सडक अवधारणा, द्रूतगतिका सडक अनि पर्यटकीयसमेत दृष्टिकोण केबुलकार, रोपवे, यातायातका अन्य सम्भावित क्षेत्रहरूको बिस्तार तथा साना मझौला जलविद्युत् आयोजनासमेत लगानीमैत्री र लगानी वृद्धिको पनि यस योजनाले नै आत्मसात गर्नुपर्ने भयो । उद्योग व्यवसायदेखि भइरहेका तत्तत् विषयमा मर्मतसम्भार पनि योजनाको अर्को रणनीति बन्न पुग्यो ।

मुलुकले विकास निर्माणमात्र गरेर पुग्ने विषय होइन । कानुनी राज्यको अवधारणा, त्यसअनुरूपका संयन्त्रहरू, आर्थिक पारदर्शिता, प्रशासनिक जवाफदेहिता, सुशासनका न्यूनतम सूचकाङ्कहरू, जीवनशैली र जनजिब्रोको प्रशासन, त्यस्ता क्षणका विकास, भ्रष्टाचारमुक्त प्रशासन र राज्यद्वारा प्रदत्त हुने सेवाप्रवाहमा सुधार त्रिवर्षीय योजनाको अर्को जिम्मेवार पक्ष बन्न पुग्यो । विकासका साझेदार व्यक्ति हुन्, व्यक्ति, समूह, समुदाय, समग्रमा सङ्गठित समूह, आमनागरिक समूह, सरोकारवालाहरू पनि यिनै हुन् । समग्र न्यायप्रणालीमा पारदर्शितादेखि विकासको फल आमजनसमूहले लिन सक्ने वातावरण तय गर्नुपर्ने मूल दायित्व राज्यपक्षकै विषय बन्न पुग्यो। विकासको साझेदारका रूपमा रहेका कानुन, नीति, कार्यक्रम, विकेन्द्रीकरणदेखि यसमा संस्थागत संयन्त्रमा सुधारसम्मका विषयवस्तु पनि अध्ययनका विषय हुन्। सङ्गठित समाज, पेसागत सङ्घसंस्थाका मागलाई अध्ययन आधार मान्नुपर्ने वातावरण तय हुँदै आयो। यस पृष्ठभूमिमा प्रस्तुत योजनाले यस्ता विषयमा केन्द्रित रही आफ्नो रणनीति अगाडि बढाउने निधो गरेको देखिन्छ।

**घ) प्राथमिकताका विषयहरू**

अन्तरिम योजनामा प्राथमिकताका विषयहरू मूल रूपमा निम्नबमोजिम छन् :

क) राष्ट्रिय अर्थतन्त्रको आधार- कृषि, पर्यटन र उद्योगमा टेवा सेवा पुग्ने गरी सडक, सिँचाई, सञ्चार र विद्युत् देखि समग्र विकाससम्ममा ध्यान दिने ।

(ख) विकासका सम्पूर्ण संरचना क्षेत्र र प्रक्रियामा उपेक्षित जनसमुदाय लिङ्ग र क्षेत्रलाई समावेश गर्ने गरी लगानी वृद्धि गर्ने ।

ग)	भौतिक संरचनाहरूको पुनःनिर्माण, पुनःस्थापना र द्वन्द्व पीडितहरूलाई राहत, पुनःस्थापना एवं सामाजिक एकीकरण र समायोजनतर्फ ध्यान दिने र

(घ)	मानव संसाधन विकासका लागि शिक्षा, स्वास्थ्य, सरसफाइ एवं खानेपानीका क्षेत्रमा लगानी वृद्धि गर्ने ।

## ङ) अन्तरिम योजना अवधिभित्र प्राप्त हुनुपर्ने उपलब्धिहरू - तालिकामा

| क्र. सं. | सूचकाङ्क | योजना आरम्भमा | योजनाको अन्त्यमा |
|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर (५) कृषिक्षेत्र वृद्धिदर (५) गैरकृषिक्षेत्र वृद्धिदर (५) | २.५, ०.७ र ३.६ | ५.५, ३.६ र ६.५ |
| २ | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (५) | ३१ | २४ |
| ३ | रोजगारी वृद्धिदर (५) | ३.० | ३.५ |
| ४ | मानव विकास सूचकाङ्क | ०.५३४ | ०.५७० |
| ५ | लैङ्गिक विकास सूचकाङ्क | ०.५२० | ०.५५६ |
| ६ | लैङ्गिक सशक्तीकरण मापन | ०.३५१ | ०.४५० |
| ७ | स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिने महिला (५) | २३.४ | ३५ |
| ८ | परिवार नियोजन साधन प्रयोगकर्ता (५) | ४८ | ५१ |
| ९ | कुल प्रजनन दर (१५-४९ वर्षको महिला (५) | ३.१ | ३.० |
| १० | मातृ मृत्युदर (प्रतिलाख) | २८१ | २५० |
| ११ | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | ३४ | ३० |
| १२ | शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | ४८ | ४२ |
| १३ | समष्टिगत राज्य संयन्त्रमा महिलाहरूको प्रतिनिधित्व कम्तीमा (५) | - | ३३ |
| १४ | खानेपानी पुगेको जनसङ्ख्या (५) | ७७ | ८५ |
| १५ | सरसफाइ सुविधा पुगेको जनसङ्ख्या (५) | ४६ | ६० |
| १६ | साक्षरता दर (५) ६ वर्षमाथि | ६३ | ७६ |
| १७ | साक्षरता दर (५) १५ वर्षमाथि | ५२ | ६० |
| १८ | प्राथमिक तहमा खुद भर्ना दर (५) | ८७.४ | ९ट |
| १९ | सडक यातायात जोडिएको जिल्ला सदरमुकाम (सङ्ख्या) | ६३ | ७५ (सिमिकोट तिब्बतबाट) |
| २० | टेलिफोन मोबाइलसमेत (प्रतिसय घनत्वमा) | ६.५ | २५ |
| २१ | विद्युत् उत्पादन (मेगावाट) | ५६० | ७०४ |
| २२ | सिँचाई (हेक्टर) | ११, ६८, १४४ | १२, ६३, ८२४ |

**स्रोत : रा.यो.आयोग**

## च) अन्तरिम त्रिवर्षीय योजनाका केही मुख्य नीतिहरू

- सङ्घीय नेपालको संरचना र कानुनी आधार तय गर्ने,
- समष्टिगत आर्थिक संरचनालाई सामाजिक र समावेशी गर्ने,
- गरिबी निवारणहेतु विकासका प्रयास सामाजिक न्याय, आर्थिक वृद्धि र न्यायोचित वितरणमा आधारित आर्थिक र सामाजिक नीति, कार्यक्रम सञ्चालन गर्ने,
- बजार अर्थ व्यवस्था अङ्गीकार गर्दै सरकारी, सहकारी एवं निजी क्षेत्रका माध्यमद्वारा लोककल्याणकारी आर्थिक विकासका नीति अङ्गीकार गर्ने,

- राष्ट्रको प्राकृतिक र मानव निर्मित्त सम्पत्तिको आर्थिक सदुपयोग गर्ने,
- द्वन्द्वबाट बिग्रे, भत्केका भौतिक संरचनाहरू पुनःस्थापना र पुनःएकीकरण गर्ने,
- द्वन्द्व प्रभावित व्यक्ति, परिवार, समूहको पुनःस्थापना र पुनःएकीकरण गर्ने,
- द्वन्द्व तथा प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्तिहरूको ऋणको व्याज मिनाहा र राहत कार्यक्रम तय गर्ने,
- तराई, पहाड, हिमाली क्षेत्रका मूल विशेषतालाई केलाई कार्यक्रमहरू सञ्चालन गर्ने,
- दीर्घकालीन कृषि योजना त्यसको नीतिसमेतलाई अङ्गीकार गर्दै कृषि क्षेत्रलाई आधुनिकीकरण गर्ने,
- अन्य क्षेत्रगत विषयहरूलाई कृषिमैत्री गराउने, कृषिलाई विकासको मूल आधार बनाउने,
- वैज्ञानिक भूमिसुधार, कृषि मजदुर, मुक्त कमैया, भूमिहीन सुकुम्वासी जनताको आर्थिक, सामाजिक उत्थान गर्ने,
- सहकारीको भावना जागृत गराउने, समूहमा रहेको वचतलाई उत्पादन क्षेत्रमा लगानी गर्ने वातावरण तय गर्ने,
- पर्यटन, जलविद्युत्, सूचना, सञ्चार विज्ञान र प्रविधि एवं मानव संसाधनका विषयलाई उच्च प्राथमिकता दिने,
- ऐतिहासिक, धार्मिक र संस्कृतिको विकास गर्ने,
- क्षेत्रगत मन्त्रालयहरूबीचका कार्यक्रमहरू समन्वय गराउने,
- जनताका दैनिक, अत्यावश्यक वस्तु सेवालाई सर्वसुलभ र सुपथ बनाउन आपूर्ति व्यवस्थालाई नियमित बनाइने र
- मूल्यवृद्धि नियन्त्रण गर्ने

## छ) हाम्रै परिवेश र हाम्रै अवसरहरू

नेपालको विकास क्रममा थुप्रै चुनौतीहरू भए पनि हाम्रा अवसरहरू पनि धेरै छन् । तीमध्ये केही निम्नानुसार छन् :

क) द्वन्द्वमा लागेका राजनीतिक दलहरू सहमति, समझदारी र शान्तिपूर्ण अवतरणमा अग्रसर भएका छन्।

ख) विकासको लहरमा जनसहभागिता बढेको छ। सूचना, सञ्चार, बैङ्किङ क्षेत्रलगायत आर्थिक अन्य अवसरहरूमा जनचासो र महिलासमेतको अधिक उपस्थिति एवं सहभागितामा वृद्धि भएको छ।

ग) विकासमा जनजागरण र आम नेपालीको नवीनतम उत्साह थपिएको छ ।

घ) मुलुकको स्थायी भूबनोटले प्रकृति, पर्यावरण, जैविक विविधता, पर्यटन क्षेत्र, जलस्रोत, विविध अन्य तथा वन्य जन्तु हावापानी, वन क्षेत्र समग्रलाई विचार गर्दा मुलुकले निराश हुनुपर्ने स्थिति छैन ।

ङ) अतीतको तुलनामा मानवीय संसाधन वृद्धि भएको छ। शान्ति स्थापनामा नेपालीहरूले विदेशमा समेत देखाएको चासो, श्रम, सीपको क्षेत्रमा नेपालीहरूले विदेशमा देखाएको लगनशीलता र यी सबैले मुलुकका लागि सकारात्मक क्षणहरू दिएका छन्। नयाँ उत्साह र ऊर्जा थप गरेका छन्।

च) मुलुकमा भएको ठूलो जलसम्पदाको र प्राकृतिक भण्डारणको कारण विदेशी लगानीको आकर्षण बढ्ने देखिएको छ ।

छ) झन्डै राज्यकै समानान्तर हुने गरी निजी क्षेत्र सामाजिक आर्थिक सेवामा अग्रसर छ । दिन परदिन बढिरहेको निजी क्षेत्रको आर्थिक सामाजिक चासो र झन्डै आधा लाख जति सामाजिक सङ्घसंस्थाहरू संस्था दर्ता ऐनअन्तर्गत मुलुकमा दर्ता भएकाले तिनले गर्ने उद्देश्यअनुरूप कार्यनीति र कार्यगत धारणा सक्रिय भई अगाडि बढ्ने हो भने हामी अन्य विकसित मुलुकको तुलनामा पछि पर्ने अवस्था देखिँदैन ।

झ) गैरआवासीय नेपालीहरू नेपालप्रिय भएका देखिएका छन् । तिनको आर्थिक लगानी नेपालमा अझ बढ्न सक्छ ।

ञ) विश्वका ठूला अन्तर्राष्ट्रिय सङ्गठनहरूले नेपालको विकासक्रमलाई नियालेर हेर्ने गरेका छन् । मुलुकका हरेक क्षेत्रमा तिनको आर्थिक, प्राविधिक सहयोग निरन्तर वृद्धि हुन सक्ने सम्भावना विद्यमान नै छ ।

ट) दुई छिमेकी देश भारत र चीन दुवैको आर्थिक विकास क्रम राम्रो छ । दुवैले दुई पक्षीय र बहुपक्षीय सहयोग आदानप्रदान गर्न सक्छन् । दुवैको विकास परिणामबाट हामीले नयाँ उत्साह र विचारको दोहन गर्न सक्छौँ । आर्थिक आत्मनिर्भरताको स्तरलाई हामी आफूले वृद्धि गर्न सक्छौँ ।

ठ) लोकतान्त्रिक, राजनीतिक प्रणालीका कारण हामी विश्वका धेरै मुलुकको नजरमा राम्रो हुन सक्छौँ । मानव अधिकार र नागरिक हक अधिकार हालको भन्दा बढी राम्रो गर्न सके आर्थिक समृद्धि देख्न चाहने विदेशीहरू पनि यहाँ आएका बखत लगानीका बेलासमेत सुरक्षित र संरक्षित हुन सके मुलुकको विकासक्रमका अवसरहरू हामीकहाँ धेरै हुन सक्नेछ ।

## ञ) हाम्रै परिवेश र हाम्रै र चुनौतीहरू

क) अति न्यून अवस्थामा रहेमा आर्थिक क्रियाकलापहरूलाई गतिशील बनाई उच्च आर्थिक वृद्धिदर हासिल गर्न लगानीको वातावरण तयार गर्नु हाम्रो मूल चुनौती हो ।

ख) उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गर्दै पुँजी र श्रमको उत्पादकत्वमा वृद्धि गर्नु हाम्रो थप चुनौती रहेको छ ।

ग) विकेन्द्रीकरणको मूल मर्मलाई आत्मसात गर्दै मुलुकको शासन व्यवस्थामा सबै जनतालाई सहभागी बनाउनु, स्थानीय स्तरबाट राज्यप्रदत्त सेवासुविधामा प्रभावकारिता ल्याउनु र लोकतन्त्रको अवधारणालाई संस्थागत विकास गर्नु हाम्रो परिप्रेक्ष्यमा थप चुनौतीको विषय हो ।

घ) नयाँ परिस्थिति र नयाँ परिवेशअनुसार आम जनचाहनाअनुरूपको सङ्घीयताको परिकल्पना, यथार्थ चित्रण र यसै सेरोफेरोमा सर्वस्वीकृत सर्वमान्य देशको मूल कानुन संविधान निर्माण र त्यसको दिगो कार्यान्वयन हाम्रो थप चुनौतीको विषय हो ।

ङ) अनेकौँ राजनीतिक दलहरू र तिनको भावी रणनीतिअनुरूप राष्ट्रिय हितका मुद्दामा सबैङ्को साझा नीति, सर्वसम्मत, सर्वस्वीकृत रूपमा स्वीकार गरी तद्नुरूपको दीर्घकालीन कार्ययोजना तय गरी लागू गर्नु हाम्रो परिप्रेक्ष्यमा अझ जटिल विषय हो ।

च) राज्य, नागरिक, आम नागरिक समाजबीचको मतैक्यता र आपसी सुमधुर सम्बन्ध स्थापनाको कडीमा सचेत समूहले पुलको काम गर्न सक्नु पनि हाम्रा लागि चुनौतीकै विषय भन्नुपर्छ ।

छ) विगतको लामो द्वन्द्वबाट प्रभावित सम्पूर्ण क्षेत्रलाई शीघ्र राहतका प्याकेज कार्यक्रम, अतिप्रभावित व्यक्ति समूहको पुनःउत्थान र भत्के, बिग्रिएका भौतिक संरचनाको पुनःनिर्माण पनि जटिल विषय बनेको छ ।

ज) मुलुकका सबैजसो क्षेत्रहरूमा द्वन्द्व र अशान्तिका काला बादलहरू मडारिने क्रम यथावत् रहेकाले आम नागरिकलाई राजनीतिक परिवर्तनको अनुभूति दिन नसक्दा तिनीहरूलाई भविष्यप्रति थप आशावादी बनाउन चाल्नुपर्ने कदमहरू पनि हाम्रा लागि निकै चुनौतीपूर्ण विषय हुन् ।

झ) हिमाल, पहाड, तराई आम नेपालीका बीच कोही छैन पराई भन्ने नीति अवलम्बन गर्दै दिनरात सबै क्षेत्रमा राज्यको सहज उपस्थिति पनि आजका सन्दर्भमा जटिल प्रश्न बनेर तेर्सिएका छन् हाम्रा सन्दर्भमा ।

ञ) विकासको फलमा आशातीत भई बसेका र आजसम्म पिछडिएका जनसमुदाय, क्षेत्र र समूहलाई राज्यले विकासको गुलियो फल रसास्वादन गर्न बाँकी नै रहेको सन्दर्भलाई पनि हामीले बिर्सन मिल्दैन ।

## झ) समसामयिक परिवेश र योजनाको अन्तिम अवस्थामा आमहडताल

योजनाले परिकल्पना गरेका खासखास विषयका उपलब्धि सूचकहरू हालसम्म आधिकारिक आइसकेको अवस्था नभए पनि केही मुख्य विषयवस्तुमा भने राज्यको ध्यान केन्द्रित भएकै हो । आम जनचासोको विषय संविधानको खाका तयार पार्ने रहेको देखिन्थ्यो भने संविधान सभाको २ वर्षे कार्यकाल पूरा हुनुअघि एनेकपा माओवादीद्वारा आह्वान भएका अनिश्चितकालीन आमहड्ताल र त्यसबाट परेका असरहरूलाई अध्ययन गर्दा साबिकदेखि मुलुक द्वन्द्व रूपान्तरणतर्फ उन्मुख भए पनि त्रिवर्षीय योजनाका उद्देश्यहरू उपलब्धिहरू हात पार्ने क्रममा संविधान सभाको निर्वाचनपछि देखि नै सबैभन्दा ठूलो परिचित सबैभन्दा ठूलो दल एनेकपा माओवादीको सहमति एवं सहकार्यविना मुलुकको भावी लक्ष्यसमेत सकारात्मक रूपमा हात नलाग्ने अवस्था विद्यमान नै देखिन्छ । योजनाकै अन्ततिर मुलुकमा १ हप्तासम्म आमहड्तालका कारण सबैजसो कार्यहरू ठप्प हुन गएको परिवेश सबैसामु छर्लङ्ग छ ।

योजना कार्यान्वयनमा अहं भूमिका निर्वाह गर्ने विगतको इतिहासझैं सार्वजनिक प्रशासन सञ्चालन गर्ने जिम्मेवार निकाय निजामती प्रशासन यस अवधिमा पनि नतिजामुखीभन्दा प्रक्रियामुखी नै रहेको पाइयो । सार्वजनिक सेवाप्रवाहमा संलग्न कर्मचारीहरूले सम्पादन गरेका कार्यबाट कर्मचारीहरूको वैयक्तिक मूल्याङ्कन परम्परा यस अवधिमा पनि कायम हुन सकेन । परिणाममुखी आयोजना एवं कार्यक्रमहरूको कार्यान्वयनमा ढिलासुस्ती यस अवधिमा पनि कायमै रह्यो । मुलुकको समग्र ध्यान उपलब्धिमूलक कार्यतिर भन्दा समग्रमा न्यूनतम शान्ति सुरक्षा स्थापनाकै लागि केन्द्रित रह्यो । सञ्चालित विकास आयोजनाहरूदेखि योजना अवधि पूरा गर्नुपर्ने मूलभूत विषयहरूतिर राज्य केन्द्रित हुने परिवेश निर्माण हुन सकेन ।

## अन्त्यमा

लामो पर्खाइपछि औद्योगिक नीति, ०६७ जेष्ठमा सार्वजनिक भएको छ । औद्योगिक व्यवसाय ऐन, २०४९ ले दिएको उद्योग क्षेत्रमा कर छुटका प्रावधानहरू संशोधित ऐन २०५४ पछि खारेज हुनाले घरेलु साना उद्योगहरू हाम्रो मुलुकमा फस्टाउन सकेका थिएनन् । आयकर छुटका विभिन्न प्रावधानहरूसहित हालै सार्वजनिक भएको नयाँ औद्योगिक नीतिले मुलुकमा औद्योगिक वातावरण बनाई आर्थिक विकासमा टेवा दिनेछ भन्ने निजी क्षेत्र र सरकारी क्षेत्र दुवैको धारणा रहेको परिप्रेक्ष हाम्रा सामु देखा परेको छ । विभिन्न ट्रेड युनियनहरूबाट भने असहमति दर्शाइएको यस नीतिले कार्यरूप लिएपछि नै यसका गुणदोषहरू केलाउन सकिएला । त्यसो त यसै त्रिवर्षीय योजनाको अन्तिम वर्षतिरै नयाँ वाणिज्य नीति पनि सार्वजनिक भएको छ । नीतिगत रूपमा आएका यी प्रावधानहरूबाट मुलुकले प्राप्त गर्न सक्ने सकारात्मक परिणाम भने भविष्यकै गर्भमा छाड्नुपर्ने देखिन्छ ।

## सन्दर्भसामग्री


- - -, आर्थिक सर्वेक्षण, २०६६, काठमाडौं, अर्थ मन्त्रालय ।

- - -, तीन वर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७), मंसीर, २०६४, काठमाडौं, राष्ट्रिय योजना आयोग ।

- - -, दशौं योजना (२०५९(२०६४), २०६५, काठमाडौं, राष्ट्रिय योजना आयोग ।

- - -, बजेट वक्तव्य, २०६५।६६, काठमाडौं, अर्थ मन्त्रालय ।

- - -, प्रशासन, पूर्णाङ्क ११२, ११३ र ११४, काठमाडौं, सामान्य प्रशासन मन्त्रालय ।

- - -, नेपाल, पूर्णाङ्क १७५, काठमाडौं, सूचना विभाग ।

- - -, बैङ्क समाचार, ०६७ वैशाख, काठमाडौं, नेपाल राष्ट्र बैङ्क ।